# मधुवननगरपालिका
(Madhuwan Municipality)

# नगर कार्यपालिकाको कार्यालय
(Office of the Municipal Executive)

बर्दिया(Bardiya)

लुम्बिनी प्रदेश, नेपाल(Lumbini Province, Nepal)

Google Plus Code: 77RC+RC Sanoshree Taratal


प.स.(Ref No.) :-२०८२/०८३

च.न.(Issue No.):-

मिति :- २०८२/१२/१०

**बिषय :- निःशुल्क सिपमुलका तालिम सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा *पोखरा भ्याली टेक्निकल ट्रेनिंग इन्स्टिच्युट प्रा.लि.* ( ***POKHARA VALLEY TECHNICAL INSTITUTE PVT.LTD.***) को आर्थिक सहयोगमा यस मधुवन नगरपालिका क्षेत्रमा रहेका युवावर्गलाई तपशिलमा उल्लेखित ४ महिने र ६ महिने निःशुल्क तालिम संचालन हुने भएको हुदाँ बैदेशिक रोजगारीमा जान चाहने युबाहरु, बैदेशिक रोजगार तथा स्वदेशमा रोजगारी र उद्यमी बन्न चाहाने युबाहरुलाई यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र मधुवन नगरपालिकाको रोजगार सेवा केन्द्रमा आवेदन दिनहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | तालिमको बिषय | माग संख्या | तालिम आवधी | योग्यता | आश्यक कागजातहरु |
|---|---|---|---|---|---|
| १ | सिकर्मी र सटरिंग | १० जना | ४ महिने | ➢ उमेर समूह १७ बर्ष देखि ४० वर्ष सम्म ।<br>➢ नेपाली नागरिक । | ➢ नागरिकताको प्रतिलिपि ।<br>➢ पासपोर्ट सइजको फोटो -२ प्रति ।<br>➢ पासपोर्ट ।<br>➢ धरौटी रकम फिर्ता हुने गरी रु ५०००/- । |
| २ | डकर्मी, प्लम्बर र स्टील फिक्चर | १० जना | ४ महिने | ➢ उमेर समूह १७ बर्ष देखि ४० वर्ष सम्म ।<br>➢ नेपाली नागरिक । | ➢ नागरिकताको प्रतिलिपि ।<br>➢ पासपोर्ट सइजको फोटो -२ प्रति ।<br>➢ पासपोर्ट ।<br>➢ धरौटी रकम फिर्ता हुने गरी रु ५०००/- । |

# मधुवननगरपालिका
## (Madhuwan Municipality)
# नगर कार्यपालिकाको कार्यालय
## (Office of the Municipal Executive)
बर्दिया(Bardiya)

लुम्बिनी प्रदेश, नेपाल(Lumbini Province, Nepal)

Google Plus Code : 77RC+RC Sanoshree Taratal


प.स.(Ref No.) :-२०८२/०८३

च.न.(Issue No.):-

मिति :- २०८२/१२/१०

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | इलेक्ट्रोनिक तथा मोबाईल मर्मत | २ जना | ४ महिने | ➢ उमेर समूह १७ वर्ष देखि २७ वर्ष सम्म ।<br>➢ नेपाली नागरिक ।<br>➢ ८ कक्षा पास । | ➢ नागरिकताको प्रतिलिपि ।<br>➢ पासपोर्ट सइजको फोटो -२ प्रति ।<br>➢ पासपोर्ट ।<br>➢ धरौटी रकम फिर्ता हुने गरी रु ५०००/- । |
| ४ | बेशिक र एड्भान्स इलेक्ट्रीकल | २ जना | ६ महिने | ➢ उमेर समूह १७ वर्ष देखि २७ वर्ष सम्म ।<br>➢ नेपाली नागरिक ।<br>➢ ८ कक्षा पास । | ➢ नागरिकताको प्रतिलिपि ।<br>➢ पासपोर्ट सइजको फोटो -२ प्रति ।<br>➢ पासपोर्ट ।<br>➢ धरौटी रकम फिर्ता हुने गरी रु ५०००/- । |

*तालिममा सुबिधाहरु :-*

- तालिम पूर्णरुपमा निशूल्क।
- खाना तथा बस्न निशूल्क व्यबस्था।
- प्रतेक महिना रु १००० /- निर्बाहा भत्ता पाउने ।
- आउने र जाने बस भाडा ( एक पटक ) को व्यवस्था ।

*तालिममा संचालन हुने स्थान :-*

*रानी पौवा, कास्की ( PVTTI ) को तालिम हलमा ।*

नोटः- *तालिम सम्बन्धी बिस्तृत जानकारीलिन मधुवन नगरपलिकाको रोजगार सेवा केन्द्रमा सम्पर्क गर्नुहिन अनुरोध छ ।*

सम्पर्क नं.९८१२५२३२४८ र ९८५८०४३४१३ .

धर्मराज न्यौपाने

प्रमुख प्रशासकिय अधिकृत

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली (PVTTI) र तालिममा सहभागीको लागि सम्झौता पत्र ।**

पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली ले संचालन गर्ने विभिन्न विषयका सिपमुलक तालिम विभिन्न स्पोनसर(डोनर वेश) तथा (फि वेश) शुल्क तिरेर संचालीत तालिम ............................................................ .(तालिमको विषय) लागि पोखरा भ्याली टेक्निकल ट्रेनिङ इन्स्टिच्युट प्रा.ली (PVTTI) (यस पछि प्रथम पक्ष भनिने र तालिमा सहभागी म श्री............................................को छोरा........................................................निबासी श्री.......................................................... (यस पछि दोस्रो पक्ष भनिने) बिच तल उल्लेखित बुदाहरु पालना गर्ने गरी सम्झौता भएको छ ।

## प्रथम पक्षको जिम्मेवारी

- प्राबिधिक शिक्षा तथा ब्यावासयिक तालिम परिषद (CTEVT) तथा सम्बन्धीत स्पोन्सरले निर्माण गरेको पाठ्क्रम अनुसारको निशुल्क तालिम संचालन गराउने छौ ।
- तालिमको स्थान पोखरा महानगरपालिका वडा न.११ रानीपौवा,कास्की स्थीत (PVTTI) को तालिमहलमा हुनेछ ।
- तालिमको अवधि भर खाने बस्ने सुविधा निशुल्क व्यावस्था गरिने छ ।
- तालिम मा सहभागीहरु लाई तालिम स्पोनसर/संघ/संस्था/कार्यलय को नियम अनुसारको यातायात खर्च, मासिक पकेट खर्च युनिर्फम आदि सुविधा नि-सर्थ उपलब्ध गराईने छ ।
- तालिम अवधि भर को लागि दुर्घटना बिमा गरिने छ ।
- तालिमको सम्पुर्ण कोर्ष पुरा भए पछि मात्र सहभागिले राखेको धरौटि रकम तथा प्रमाण पत्र वितरण गरिने छ ।
- तालिम को सम्पुर्ण  कोर्ष पुरा नभएमा धरौटि रकम तथा प्रमाण पत्र उपलब्ध गराइने छैन ।

## दोस्रो पक्षको जिम्मेवारी

- यस तालिमा सक्रिय रुपमा भाग लिई सम्पुर्ण कोर्षलाई पुरा गनुपर्ने छ । यदि पुरा नगरेमा बाकी तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ ।
- PVTTI र तालिम सहभागी बिचको समझदारीमा बनेको समय तालिका तथा निति नियमहरु लाई पुर्ण रुपमा पालाना गनुपर्ने छ ।

- PVTTI ले निर्धारण गरेको होस्टेल को नियम निति पुर्ण पालाना गर्नुपर्ने छ । यदि सो निति नियम पालना नगरेमा होस्टेल बाट निस्कासन वा तालिम बाट समेत निस्कासन भएमा बाँकि होस्टेल र तालिमको शुल्क PVTTI लाई भुक्तानी गर्नु पर्ने छ ।
- यस तालिम अवधिभर कुनै पनि नसालु पदार्थ (रक्सि, गाजा,) सेवन गर्ने तथा गराउन पाइने छैन ।
- तालिम अवधिमा दुर्घाटना बाहेक कुनै प्रकार को दु:ख बिमारी भएमा सहभागि ले नै उपचार खर्च व्यहोंन पर्ने छ ।
- तालिम सम्पन्न भएपछि उक्त सिपको प्रयोग गरि रोजगार स्वरोजगार वा व्यावसाय गनुपर्ने छ । उक्त जानकारी PVTTI लाई उपलब्ध गराउनु पर्ने छ ।
- तालिम अबधिमा आफुले तालिम संग सम्बन्धी औजार उपकरण समुहमा रहेको औजार उपकरण स्टोर लाई बुझाउनु पर्नेछ ।
- पर्खाल तथा गेट बाट फिट्ढकिएर गएको खण्डमा सहभागिलाई केही दुर्घाटना भएमा Insurance गरिने छैन ।
- PVTTI तथा अन्य संघ/संस्था/कार्यलय संगको समझदारी अनुसार पनि निति नियम पालना गर्नु पर्ने छ ।
- घरमा अति आवश्यक काम बाहेक अन्य कामको लागि बिदा दिइने छैन ।
- यो सहमती तालिम अवधिको लागि मात्र हुनेछ , यसमा समावेश नभएका बुदाहरु आपसी सहमतीमा गरिने छ ।

माथि उल्लेखीत सम्पुर्ण सर्त तथा वन्देजहरु बुझियो यस लाई पुर्ण पालना गरी तालिम कोर्ष पुरा गरिने छ भनि राजीखुशी साथ यस सम्झौता पत्रमा हस्ताक्षर गरेको छु । उक्त सम्झौता नेपाल सरकार को एन कानुन संग बाझिएमा नेपाल सरकार को नियम कानुन मान्य हुनेछ । यस सम्झौता पत्रको आधार मानी सम्पुर्ण कानुनी कारबाही व्यहोंने छौ ।

| सहभागीकर्ता | साची (अभिभावक) | संस्थाको तर्फबाट |
|---|---|---|
| .................. | .......................... | ............................ |
| नाम: | नाम: | नाम: |
| ठेगाना: | सम्पर्क नम्वर: | पद: |
| सम्पर्क नम्वर: | नाता : | छाप: |
| मिति : | मिति : | |